**सर्वोच्च अदालत, एक न्यायाधीसको इजलास**

**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**

**आदेश**

**०७८-WO-०३७५**

विषयः उत्प्रेषण, परमादेशसमेत।

ईशान रेग्मीसमेत ---------------------------------------------------------१ निवेदक

विरुद्ध

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत -------------१ विपक्षी

यसमा रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पुण्यसिला दवाडी तथा निवेदक रुक्साना कपालीले गर्नुभएको बहससमेत सुनियो।

यसमा के, कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार र कारण खुलाई यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १ का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा विपक्षी नं. २, ३, ४, ५, ६ र ७ का हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जबाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुको नाउँमा म्याद पठाई म्यादभित्र लिखित जबाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नुहोला।

साथै, निवेदकले पूर्वाञ्चल विश्वविद्यालय र मध्यपश्चिमाञ्चल विश्वविद्यालयको **BALLB** को **Criminal Law** विषयको पाठ्यक्रममा **Offences relating to Sex** शिर्षकमा **Unnatural Sex offences** अन्तर्गत **Homosexuality, Lesbianism** र **Beastiality** समावेश गरिएबाट आफ्नो सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा आघात परेको भन्ने माग रहेकोमा उक्त पाठ्यक्रम निर्माणमा राष्ट्रिय मानव अधिकार आयोगको कुनै संलग्नता र भूमिका रहेको नदेखिंदा विपक्षी नं. ८ राष्ट्रिय मानव अधिकार आयोगबाट लिखित जबाफ मगाइ रहन परेन। नियमानुसार गर्नुहोला।

न्यायाधीश

इति संवत् २०७८ साल असोज १५ गते रोज ६ शुभम् .....................................।